मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुगु, मुगु

**आज मिति २०७५ साल जेष्ठ २२ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका** निर्णयहरु :-

**निर्णय नं १ .** आ.व २०२७/०७६ को दोश्रो गाउँसभाको तयारिको लागि ५ सदस्यीय राजस्व परामर्श समिति गठन उपाध्यक्ष श्रीमती छिरिंग तामांग को संयोजकत्वमा मा गरियो |

**निर्णय नं २** आ.व २०७५/०७६ को दोश्रो गाउँसभा संचालन का लागि ७ सदस्यीय योजना तर्जुमा तथा निर्धारण समिति को गठन उपाध्यक्ष श्रीमती छिरिंग तामांग को संयोजकत्वमा गरियो |

**निर्णय नं ३ .** आ.व २०७५/०७६ को दोश्रो गाउँ सभाका लागि ५ सदस्यीय श्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समित को गठन अध्यक्ष श्री छिरिंग क्याप्रे लामाको को संयोजकत्वमा गरियो |

**निर्णय नं ४** निर्णय नं १ देखि ३ सम्म गठित समिति ले आ-आफ्नो कार्यक्षेत्र मा तोकिएका विषयहरुमा व्यापक छलफल गरि २०७५ साल अषार १० गते भित्र गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने निर्णय गरियो |

०७५।०२।२२

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुगु, मुगु

आज मिति २०७५ साल जेष्ठ २४ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्ने लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-

**निर्णय नं १** यस गाउँपालिका को दोश्रो गाउँसभा संचालनका लागि देहाएबमोजिम का ५ वटा समिति हरु गठन गर्ने निर्णय गर्यो ।

१ आर्थिक विकाश समिति
२. सामाजिक विकाश समिति
३. पूर्वाधार विकाश समिति
४. वन वातावरण तथा विपत् व्यबस्थापन समिति
५ सुशासन तथा संस्थागत विकाश समिति

**निर्णय नं २** यस गाउँपालिका को वडा नं १ देखि ९ सम्मका सबै वडाकार्यालय हरुले वडा स्तरीय भेला गरि आ.व २०७५/७६ लागि प्रस्तावित योजना हरुको प्रथामिकिकरण गरि गाउँपालिकामा पेश भएपश्चात माथि गठित समिति हरुले आ-आफ्नो क्षेत्राधिकार भित्र के कति योजनाहरु पर्छन र त्यस को अनुमानित विनियोजन रकम खुलाई प्रथामिकिकरणगरि गाउँ कार्यपालिका मा २०७५ असार ७ गते भिरा पेश गर्ने निर्णय गरियो ।

०७५।०२।२२

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु

आज मिति २०७५ साल असार ३ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-

**निर्णय नं १** यस मुगुम कार्मरोंग गाउँपालिका को आ.व २०७४/७५ को लागि प्रथम गाउँसभा बाट स्वीकृत वार्षिक कार्यक्रम र योजना हरु तोकिएको योजना र कार्यक्रम संचालनमा विविध कारणले संशोधन गर्नु पर्ने कारण खुलाई सम्बन्धित वडाबाट सिफारिश भै आएमा तेस्ता योजना र कार्यक्रमलाइ गाउँपालिकाको बैठकले अनुमोदन गरि त्यस्ता योजना र कार्यक्रमलाइ समयेमै सम्पन्न गर्ने निर्णय गरियो |

**निर्णय नं २** यस गाउँपालिका को आ.व २०७५/०७६ को दोश्रो गाउँसभा को पुर्व तयारिका लागि विभिन्न समितिको बैठकले आवश्यक छलफल गर्नुपर्ने भएकाले २०७५ साल असार ८ गते गाउँपालिकाको कार्यलय पुलु मुगु मा दिन को ठिक १० बजे कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो |

२०७५।०३।०३

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७५ साल असार ८ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-

निर्णय नं १ आ.व २०७५/७६ को लागि वडा नं १ देखि ९ सम्म का टोल बस्ति बाट आएका योजना जरुको पांच वटा विषयगत समितिमा पेश गरि प्रत्यक समितिले आ-आफ्नो क्षेत्रमा प्रथामिकीकरण गरि गाउँ कार्यपालिकामा पेश गरेका योजनाहरु माथि छलफल गरियो |

निर्णय नं २ चालु आ.व २०७४/०७५ मा संचालन भएका योजनाहरुको स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ७९ ले दिएको अधिकार तथा प्रथम गाउँसभाले दिएको अधिकार प्रयोग गर्दै विनियोजित रकम अनुशारको शिर्षकमा कार्य गर्न सम्भव नभयकोले सम्बन्धित वडा भित्र यस आ.व मा सम्पन्न गर्न सकिने योजनामा रकमान्तर गर्ने निर्णय गरियो |

निर्णय नं ३ यस गाउँपालिका को चालु आ.व २०७४/०७५ को चालु, पुँजीगत, धरौटी , आन्तरिक श्रोत लगाएत सम्पूर्ण आर्थिक कारोवार को आन्तरिक लेखापरिक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय मुगु बाट गराउने निर्णय गरियो

निर्णय नं ४ यस गाउँपालिकामा जलवायु परिवर्तनको आशार्ले अत्ति जोखिम हुँदा यहाँ का समुदाय हरुलाई जलवायु परिवर्तनको असरसंग अनुकुलित बनाउन NCCSP-II द्वारा संचालित जलवायु समानुकुल विषेस कार्यक्रम (CRDP) को लागि आवश्यक सहयोग, समन्वय र सहकार्य गर्ने निर्णय सर्वसम्मति ले पारित गरियो |

निर्णय नं ५ बजेट तथा योजना तर्जुमा समितिको मिति २०७५/०३/०८ गते बसेको बैठकले NCCSP-II द्वारा संचालन हुने योजनाहरु छनौट गर्ने ६ बुँधे मापदण्ड यस गाउँपालिकाले अनुमोदन गरेको निर्णय सर्वसम्मति ले पारित गरियो |

निर्णय नं ६ यस गाउँपालिकाको बजेट तथा योजना तर्जुमा समितिको बैठक बसी निर्धारण भएको योजना छनौट मापदण्डका आधारमा यस गाउँपालिका क बस्ति हरुबाट आयका जलवायु परिवर्तनका असरलाई न्यूनीकरण तथा अनुकुलन संग सम्बन्धित तपशिल बमोजिमका योजना हरु छनौट गर्ने निर्णय सर्वसम्मति ले पारित गरियो |

तपशिल

- धारी खानेपानी (पांपू-९) (Stand-alone)
- मह सिचाई योजना (मह -७) (Top-up)
- मान्ग्री सिचाई योजना (मान्ग्री -८) (Top-up)
- सिरान चौर खानेपानी (मुगु -२) (Stand-alone)
- दाउरा सिचाई (दाउरा-५) (Stand-alone)

निर्णय नं ७ यस गाउँपालिका मा NCCSP-II द्वारा संचालित (CRDP) योजना हरु तपशिल अनुशार कार्यान्वन गर्ने सर्वसम्मति बाट पारित गरियो |

तपशिल

- गाउँपालिका मार्फत संचालित पूर्वाधारक योजना लाइ जलवायु समयानुकुल बनाउन NCCSP-II ले थप अनुकुलनका क्रियाकलाप Top-up गर्ने |
- NCCSP-II ले आफ्नै लागतमा छुट्टै (Stand-alone) योजना कार्यान्वन गर्ने |
- पुराना योजना हरु लाइ मर्मत सम्भार गर्ने

विकाश शर्मा रिजाल
सचिव

मुगुम कार्मारोंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मग्, मुगु

आज मिति २०७५ साल अषार ९ गतेका गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-

निर्णय नं १. यस गाउँपालिका क्षेत्रका वडा नं १ देखि ९ सम्मका सम्पूर्ण समुदायका ब्यक्तिहरु २०७५ साल जेष्ठ ५ देखि असार ५ सम्म यार्सागुम्वा संकलनमा जाने भएकाले योजना तर्जुमा र बजेट माथि छलफलगर्न ढिलाई भएकाले असार १० भित्र बजेट गाउँसभामा पेश गर्न नसकिने भएको हुँदा केहि ढिला हुँदा असार मसान्त भित्र गाउँभा गर्ने निर्णय गरियो |

निर्णय नं ४ . दोश्रो गाउँसभा तयारिको लागि गठित विभिन्न विषयगतसमिति हरुले पेश गरेका निर्णय बमोजिम सबै वडा स्तरीय योजना हरुलाई प्राथमिकीकरणका आधारमा सभामा पेश गर्ने निर्णय गरियो |

०७५।०३।०९

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७५ साल असार १० गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-

निर्णय नं १. मुगुम कार्मरोंग गाउँपालिका स्तरीय मानव बेचबिखन अवैध रुपमा बालबालिका ओसारपसार र नियन्त्रण सम्बन्धि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

तपशिल

| | |
|---|---|
| श्री छिरिंग क्याप्रे लामा | अध्यक्ष |
| श्री छिरिंग तामांग | उपाध्यक्ष |
| श्री सोनाम यांजी तामांग | सदस्य |
| श्री कार्मा तामांग | सदस्य |
| श्री लुंडूप् तामांग | सदस्य |
| श्री छिरिंग टासी तामांग | सदस्य |
| श्री छेवांग ग्याल्जेन तामांग | सदस्य |
| श्री च्यावा तामांग | सदस्य |
| श्री कार्मा फुन्जोक तामांग | सदस्य |
| श्री च्यावा तामांग | सदस्य |
| श्री धोर्पा छिरिंग तामांग | सदस्य |
| श्री सिंह बहादुर बुढा | सदस्य |
| श्री प्रहरी चौकी पुलु, इन्चार्ज | सदस्य |
| श्री करानी सामुदायिक विकाश केन्द्र | सदस्य |
| श्री युगरुंग कार्मा बाल क्लब | प्रतिनिधि |
| श्री विकाश शर्मा रिजाल | सदस्य सचिव |

०७५।०३।१०

विकाश शर्मा रिजाल
सचिव

आज मिति २०७५ साल अशोज १३ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-

निर्णय नं १. निर्णय नं १ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा कार्यालय हरुको कार्यालय संचालनको लागि चालु खर्च रकम देहाय बमोजिम विभाजन गर्ने निर्णय सर्वसमिति बात पारित गरियो।

| सी.नं | खर्च संकेत | खर्च शिर्सक | विनियोजन रु. | कैफियत |
|---|---|---|---|---|
| १ | २२१२९ | अन्य भत्ता | २८८००० | वार्षिक प्रति वडा |
| २ | २२१२१ | घर भाडा | २५००० | वार्षिक प्रति वडा |
| ३ | २२११२ | संचार महसुल | १५००० | वार्षिक प्रति वडा |
| ४ | २२३११ | कार्यालय सम्बन्धि | १२०००० | वार्षिक प्रति वडा |
| ५ | २२६११ | अनुगमन मुल्यांकन | १०००० | वार्षिक प्रति वडा |
| ६ | २२६१२ | भ्रमण खर्च | १००००० | वार्षिक प्रति वडा |
| ७ | २२७११ | विविध खर्च | १२०००० | वार्षिक प्रति वडा |
| ८ | २२९११ | भैपरि आउने चालु खर्च | ५०००० | वार्षिक प्रति वडा |
| जम्मा | | | ७२८००० | |

निर्णय नं २ . निर्णय नं २ माथि छलफल गर्दा यस मुगुम कार्मरोंग गाउँपालिका भित्र उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ गाउँकार्यपालिकाको निर्णय बाट सर्वसमिति ले पारित गरियो।

निर्णय नं ३. निर्णय नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको समपुरक कोषमा रहेको रकम बाट रु ५५५००० (पांच लाख पचपन्न हजार ) बहु क्षेत्रीय पोषण कार्यक्रममा विनियोजन गर्ने निर्णय सर्वसमिति बाट पारित गरियो।

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुल, मुगु

**आज मिति २०७५ साल अशोज १४ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-**

**निर्णय नं १.** निर्णय नं माथि छलफल गर्दा यस मुगुम कार्मरोंग गाउँपालिका को गाउँसभा बाट विनियोजित पशु विकास सेवा तर्फको रु २००००००० (विस लाख ) को वार्षिक कार्यक्रम सर्वसमित बाट पारित गर्ने निर्णय गरियो

**निर्णय नं २.** निर्णय नं २ माथि छलफल गर्दा यस गाउँपालिका भित्र गरिब घर परिचयपत्रको विवरण प्रत्यक वडाका वडा अध्यक्षहरु लाइ उपलाब्धा गराइयो र जो-जो घरपरिवार सो सुचिमा सुचिकृत भएका छन् निजहरु लाइ जानकारी गराउने निर्णय गरियो |

**निर्णय नं ३.** निर्णय नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको बैठकमा प्राप्त भएको निवेदन अनुशार ढुझोम नव निधि धर्म संघ लाइ गाउँपालिकाका कर्मचारी हरुको रोहवरमा सामान खरिद गरेमा रु. ९९००० (उन्नानसय हजार ) रुपैंया बराबरको विल भर्पाइको भुक्तानी दिने निर्णय सर्वसमिति बाट पारित गरियो |

**निर्णय नं ४** निर्णय नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको गत आ.व मा विनियोजन भएको (सार्वजनिक निर्माण खर्च) तर्फको रु १००००००(दश लाख ) मध्य बाट रु ५०००००(पांच लाख ) लादेगाड जलविधुत आयोजना र रु ५०००००(पांच लाख ) रिउस वगर लधु जलबिधुत आयोजना लाइ भुक्तानी दिने निर्णय सर्वसमिति बाट पारित गरियो |

**निर्णय नं ५.** निर्णय नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक शाखामा कार्यरत कर्मचारी हरुको कार्यप्रवाह लाइ छिटोछरितो गर्नकोलागि शसर्त अनुदान तर्फको खर्च खाता खोलि लेखा शाखामा कार्यरत एक जना कर्मचारी र प्रमुख प्रशासकीय अधिकृत को संयुक्ता दस्तखतमा खाता संचालन गर्ने र वितीय समानीकरण र अन्य शिर्षकमा प्राप्त हुने बजेटका लागि लेखा शाखाको अर्को कर्मचारी र प्रमुख प्रशासकीय अधिकृत को संयुक्त दस्तखत बात संचालन गर्ने निर्णय सर्वसमिति बात पारित गरियो |

**निर्णय नं ६ .** यस गाउँपालिकाको बैठकमा उपस्थित गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र कार्यपालिका सदस्य हुरुलाई यस गाउँपालिकाको वडा नं १ र २ बाट प्रतिनिधित्व गर्नुहुने जना प्रतिनिधि हरुलाई रु १५०० (एक हजार पांच सय ) र गाउँपालिका भित्रका अन्य स्थान बाट उपस्थित हुने जनप्रतिनिधि हरु लाइ रु. १०००(एक हजार) खाना खर्च वापत दिइने निर्णय सर्वसमिति बाट पारित गरियो |

०७५।०६।१४

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुल, मुगु

**आज मिति २०७५ साल मङ्सिर ११ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-**

**निर्णय नं १.** यसमा छलफल गर्दा रिउस बगर जल विधुत आयोजना र लादेगाड जल विधुत आयोजनाको लागि छुट्टयाइएको रकम सम्बन्धित उपभोक्ता समितिको बैंक खातामा जम्मा गरि खाता रोक्का गर्ने निर्णय गरियो |

**निर्णय नं २.** यसमा छलफल गर्दा मुगुम कार्मरोंग गाउँपालिकाको राजपत्र प्रकाशन गर्ने सम्बन्धि कार्यविधि २०७५ सर्वसम्मत पारित गरियो |

**निर्णय नं ३.** यसमा निर्णय गर्दा गाउँपालिकाको गुरुयोजना निर्माणका लागि गत आ.व मा जुनसुकै निर्णय गरेको भएपनि र जो सुकै व्यक्ति व फर्म मार्फत काम गरेको भएता पनि यस आ.व मा विनियोजित गरेको बजेट दरभाउ पत्र मार्फत कार्य गराउने निर्णय गरियो र यस भन्दा अगाडी गरेको निर्णय लाइ गाउँकार्यपालिका ले सर्वसम्मत रुपमा बदर गर्ने निर्णय गरियो |

**निर्णय नं ४.** यसमा छलफल गर्दा गमगढी देखि लुम्स छाइल हुदै नाक्चे लाग्ना जोड्ने सडकमा विगत देखि समस्याको रुपमा रहेको लुम्सखोलामा बेलीब्रिज को पुर्व अनुमान सर्वे , सबै डिजाइन , DPR र बिड डकुमेन्ट निर्माणका लागि र सडक maintain कार्यका लागि अनुमानित रकम रु.१६००००० (सोह्र लाख) विनियोजन गर्ने र सो रकमका लागि मान्यता प्राप्त कम्पनि व फर्म मार्फत कार्य गर्ने निर्णय गरियो |

०७५।०८।११

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु

आज मिति २०७५ साल मङ्सिर १२ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्ते लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-

**निर्णय नं १.** यस गाउँपालिका अन्तर्गत कृषि शाखा पुलु, मुगुको वार्षिक बजेट कार्यक्रम आ.व २०७५/०७६ सर्वसहमति बाट पारित भइ र स्वीकृत भइ स्याउको बिरुवा खरिद गर्न रु २०००००(दुइ लाख ) रकम विनियोजित गर्ने निर्णय गरियो |

**निर्णय नं २.** यसमा छलफल गर्दा यस मुगुम कार्मरोंग गाउँपालिकाको गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम निर्देशिका २०७५ जारि भइ सर्वसहमति बात यो निर्णय पारित गर्ने निर्णय भयो साविक बमोजिम को उपभोक्ता समिति द्वारा कार्य संचालन गर्ने निर्णय समेत भयो |

**निर्णय नं ३.** यसमा छलफल गर्दा यस गाउँपालिका मा आवस्यक पर्ने तपशिलमा उल्लेखित पदहरुको सुचना प्रकाशित गरि नियमानुसार पदपूर्ति गर्ने निर्णय गरियो |

<u>तपशिल</u>

१ इन्जिनियर - १ जना
२ सब-इन्जिनियर - ३ जना (१ आर्किटेक्ट, १ इलेक्ट्रिकल , १ सिभिल (NCCSP-II))
३ अनमि - १ जना

**निर्णय नं ४ .** यसमा छलफल गर्दा यस मुगुम कार्मरोंग गाउँपालिका क्षेत्रभित्रका गाउँहरुमा खुरेद् रोग फैलीई गाउँपालिका बाट उक्तरोग निवारण गर्नका लागि औषधि खरिद गरिएको हुँदा आवस्यक औषधि विल भरपाई बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो |

**निर्णय नं ५ .** यसमा छलफल गर्दा च्याप्रीगाड जलविधुत आयोजना को लागि वडा नं ७ र ८ बाट छुट्याईएको रकम बाहेक र गत आ.व मा गाउँपालिका बाट भुक्तानी हुन बाकि रु. १ लाख मात्र भुक्तानी दिने बाहेक अरु रकम नदिने निर्णय गरियो |

**निर्णय नं ६ .** यसमा छलफल गर्दा यस गाउँपालिका भित्र रहेका Birthing Centre मा गर्भवती महिला लाइ ANC गर्न ल्याए वापत प्रोत्साहन स्वरूप महिला स्वास्थ्य स्वयम्सेविका लाइ रु २०० भत्ता वापत रकम उपलब्ध गराउने नर गर्भवती महिला लाइ प्रति पटक गर्भजांच गराउन आउँदा १ पोका नुन दिने र सुत्केरी गराउन ल्याउदा अभिभावक , संरक्षक लाइ प्रोत्साहन स्वरूप सासु लाइ चोलो र ससुरा लाइ टोपी दिने निर्णय गरियो

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुगु

**आज मिति २०७५ साल पौष २८ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-**

**निर्णय नं १.** यसमा छलफल गर्दा यस मुगुम कार्मरोंग गाउँपालिका भित्रका ९ वटै वडाहरुमा अबउप्रान्त वडा अध्यक्ष ज्यु कुनै काम विषेशले जिल्ला बाहिर जानुपर्ने परिस्थिति आएमा वडा अध्यक्ष ज्युको लिखित स्वीकृत बेगर वडा कार्यालय बाट हुने गरेका विभिन्न सिफारिस हरु वडा तथा गाउँपालिका का कुनै पनि पदाधिकारीहरुले कुनै पनि सिफारिस नगर्ने निर्णय गरियो।

**निर्णय नं २.** यसमाथि छलफल गर्दा यस मुगुम कार्मरोंग गाउँपालिका अन्तर्गत वडा नं ९ छाइल मुगुको कुखुरा फाराममा उत्पादित कुखुरा भाले पोथी र अण्डा तपसिल बमोजिमको दररेट प्रति व्यक्तिले १ गोटा दरले बिक्री वितरण गर्ने सर्वसम्मत बाट निर्णय गरियो।

तपशिल

१. जिउदो कुखुराको मासु प्रति के.जी रु. ७००
२. अन्डा प्रति केरेड रु. ४५०
३. प्रति गोटा अण्डा रु . १५

**निर्णय नं ३.** यसमाथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय (मुद्रा शाखा) मुगुको प.स ०७५/०७६ च.नं ५३८ मिति २०७५/०९/२० गतेको विषय : आवश्यक कारवाही गरि जानकारी पठाउने भन्ने पत्रको विषयमा सो पत्रको बारेमा जस्ताको तस्तै गैह्र हाजिर भएका शिक्षकको सन्दर्भमा तलब कट्टी गर्ने र बाँकी शिक्षक तथा विधालयहरु लाइ १ पटकको लागि सचेत गर्नका लागि सबै विधालयहरुमा पत्राचार गर्ने सर्वसहमति ले निर्णय गरियो।

**निर्णय नं ४.** यसमा छलफल गर्दा मुगुमकार्मरोंग गाउँपालिका अन्तर्गत वडा नं १ को प.सं २०७५/०७६ च.नं ५२ मिति २०७५/०९/१९ गतेको पत्रानुशार गत आ.व को चौरीगाइ पालनको लागि विनियोजित रकम रु. १०००००(एक लाख)को योजना संशोधन गरि उक्त वडामा गधाको भाले खरिद गर्ने निर्णय गरियो।

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु

**आज मिति २०७५ साल पौष २९ गतेका दिन मुगुम कार्मरोंग गाउँपालिकाका अध्यक्ष श्री छिरिंग क्याप्रे लामा ज्यु को अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरु :-**

**निर्णय नं १.** यसमाथि छलफल गर्दा यस मुगुम कार्मरोंग गाउँपालिका अन्तर्गत वडा नं ९ बस्ने गुरुचन्द्र बडुवालको छोरा श्री बांचुलाल बडुवाल को दुवै मृगौला काम नगर्ने नलाग्ने भन्ने शिक्षण अस्पताल महाराजगंज काठमाण्डौको मिति २०७५/८/१६ गतेको सिफारिस पत्रको सन्दर्भमा व्यापक छलफल गर्दा निज मृगौला पिडितको उपचारको लागि भैपरी आउने शिर्षक बाट रकम रु. ६०००० (अक्षेररुपी रु साठी हजार मात्र )भुक्तानी दिने भनि सर्वसहमतिले निर्णय गरियो |

**निर्णय नं २.** यसमा छलफल गर्दा यस मुगुम कार्मरोंग गाउँपालिका अन्तर्गत वडा नं ९ छाईल मुगुमा रहेको कुखुरा फाराम भित्र चौकीदार निवासको लागि र कुखुराको दाना, औषधि तथा अण्डा लगाएतका सामानहरु सुरक्षित राख्नको लागि गोदाम टहरा निर्माणको लागि रकम रु २००००० (दुइ लाख ) भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो |

**निर्णय नं ३.** यसमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं ६ स्थित हिगा छोइलिंग युवा क्लब रिउस मुगुको प.सं २०७५/०७६ मिति २०७५/०९/२८ गतेको प्राप्त पत्रअनुशार उक्त क्लब द्वारा आयोजना हुने गा.पा स्तरीय भलिवल प्रतियोगिताको लागि भलीबल र नेट लगाएतका सामान खरिद गर्नको लागि रकम रु. २५०००(पच्चीस हजार) रकम सहयोग गर्ने निर्णय सर्वसहमतिले निर्णय गरियो |

**निर्णय नं ४.** यसमा छलफल गर्दा यस मुगुम कार्मरोंग गाउँपालिका अन्तर्गत वडा नं ७ र ८ को विचमा पर्ने च्याप्रीगाड खोलामा निर्माणाधीन अवस्थामा रहेको साना जलविधुतको पोल ढुवानी तथा पोल गाड्न तथा मह र मान्ग्री गाउँमा प्रसारण लाइन विस्तार गर्नको लागि आवश्यक पर्ने रकम रु. ७००००० (सात लाख मात्र) भुक्तानी दिने र पुरानो टर्वाइन लगाएतका सामाग्रीहरु यस गाउँपालिकामा फिर्ता बुझाउने समेतको निर्णय गरियो |

**निर्णय नं ५.** यसमा छलफल गर्दा एशोसिएसन कृषिवन परियोजना नेपाल शाखा मुगुको प.सं ०७५/०७६ मिति २०७५/०९/१८ गतेको अनुमति पाउँ भन्ने प्राप्त पत्र माथि छलफल हुँदा उक्त संस्थालाइ यस मुगुम कार्मरोंग गाउँपालिकाको ९ वटै वडा भित्र कृषि वन परियोजना कार्यक्रम लागु गर्न अनुमति दिने निर्णय सर्वसहमतिले गरियो |

**निर्णय नं ६.** यसमा छलफल गर्दा यस गाउँपालिकाको केन्द्र निर्धारण गर्न हाल संचालनमा रहेको पुलुबजार क्षेत्रमा अस्थायी रुपमा बसोवास गरिरहेका व्यक्तिहरु संग छलफल गर्नका लागि तपसिल बमोजिमको १ जना गाउँपालिका केन्द्र निर्धारण समिति गठन गर्ने र सो समितिले आजका मिति ले १५ ज्दीन भित्र छेवाथांग पुलु बजार भित्रका सरोकारवाला हरु संग छलफल गरि गाउँपालिका बाट के-कति क्षेतीपूर्ति दिने, घर जग्गा धनीले गाउँपालिका लाइ घरजग्गा दिने लगाएतका अन्य आवश्यक पक्ष हरु समेत खुलाई सो को मुल्यांकन गरि आधिकारिक प्रतिवेदन पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो |

<u>तपशिल</u>

| | |
|---|---|
| १. २ नं वडा अध्यक्ष श्री कार्मा तामांग | संयोजक |
| २. ५ नं वडा अध्यक्ष श्री छेवांग ग्याल्जेन तामांग | सदस्य |
| ३. ८ नं वडा अध्यक्ष श्री धोर्पा छिरिंग तामांग | सदस्य |
| ४. कार्यपालिका सदस्य श्री झ्याव्यांग आंमु तामांग | सदस्य |
| ५. कार्यपालिका सदस्य श्री सोनामपुतिक तामांग | सदस्य |
| ६ . स.ई मुगुम कार्मरोंग गा.पा | सदस्य सचिब |

विकाश शर्मा रिजाल
सचिव
प्रमुख प्रशासकीय अधिकृत